# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. २०७७/०७८
च. नं. २२०८

मिति २०७७/०८/२४

विषय : ईजाजत बेगर नदीजन्य पदार्थ उत्खनन् एवं ओसारपसार तथा डम्पीङ्ग गर्न निषेध गरिएको ।

श्री वडा कार्यालय "सबै "
भरतपुर महानगरपालिका,नगर कार्यपालिकाको कार्यालय
भरतपुर,चितवन ।

प्रस्तुत विषयमा, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा भएको व्यवस्था तथा सङ्घीय सरकारबाट जारी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्था बमोजिम भरतपुर महानगरपालिका अर्न्तगतका नदी तथा खोला नालाहरु र नीजि/सार्वजनिक जग्गाबाट समेत नदीजन्य पदार्थ एवं माटोजन्य पदार्थ महानगरपालिकाको ईजाजत बेगर उत्खनन् एवं बिक्री, वित्तरण गर्न निषेध गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै आ-आफ्नो वडा अर्न्तगतका नदी, खोला र नीजि तथा सार्वजनिक जग्गाकोहरुको संरक्षण तथा सुरक्षा गर्ने दायित्व समेत सम्बन्धित वडा कार्यालयहरुको समेत रहेको हुँदा आफ्नो क्षेत्रमा हुने अवैध उत्खनन् तथा ओसार पसार रोक्ने जिम्मेवारी तथा कर्तव्य रहन जान्छ ।अत :आ-आफनो क्षेत्रबाट उक्त सार्वजिनक जग्गा र नदी तथा खोलाको संरक्षणमा सहयोग पुऱ्याइदिनु हुन आदेशानुसार अनुरोध छ । साथै सार्वजनिक स्थलमा माटो तथा नदीजन्य पदार्थ डम्पीङ्ग राखे/नराखेको अनुगमन गरी यस कार्यालयमा प्रतिवेदन बुझाउनु हुन समेत आदेशानुसार अनुरोध छ ।

बिसुराम कुँवर
राजस्व प्रमुख

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY

### Office of Municipal Executive

Bhratpur, Chitwan, Nepal

प.सं. ०७७/७८

च.नं.

## सूचना । सूचना । सूचना ।

भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा १० को उपदफा १ बमोजिम यस महानगरपालिकाको वडा नं १ अन्तर्गत नारायणी नदी किनारमा अस्थायी रुपमा सञ्चालित व्यवसायहरु सञ्चालन भएको मितिदेखिको व्यवसाय कर तथा वहाल विटौरी कर बुझाई नियमानुसार सञ्चालन गर्नुहुन साथै **नारायणी नदी किनार सञ्चालन व्यवस्थापन कार्यविधि** नबनेसम्मका लागि यस कार्यालयबाट प्रचलित ऐन कानुन बमोजिम ईजाजत नलिई सञ्चालनमा रहेका मोटरवोट हालको लागि व्यवसाय सञ्चालनमा रोक लगाईएको छ । नियमानुसार ईजाजत प्राप्त मोटरबोट कम्पनीहरुले यस कार्यालयमा सम्पर्क गरि तोकिए बमोजिमको कर तथा सेवा शुल्क बुझाउनुहुन समेत निर्णयानुसार जानकारी गराईन्छ।

२०७७/०६/२८

............................................

बिसुराम कुँवर

राजस्व शाखा प्रमुख

[अधिकृतस्तर सातौं

बिषय: सिफारिस

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014

E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np

(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)